सिविन- नेपाल र प्लान नेपालको साझेदारीमा प्रकाशित




वर्ष १, अंक ६, चैत्र २०६३, काठमाण्डौ

## यस अंकमा......

१. सम्पादकीय

२. अनुभूति

३. समाचारमा बालबालिका

४. प्रश्नोत्तर

५. सफलताको कथा

६. गतिविधिहरू

७. बालबालिका सम्बन्धी तथ्य......

✍ **सम्पादकीय :**

# किन विवादित छ धर्मपुत्रपुत्रीको बिषय ?

असहाय, अनाथ र परित्यक्त बालबालिकाले पनि पारिवारिक वातावरणमा हुर्कन पाउनुपर्दछ भन्ने अवधारणाअनुसार हाम्रो देश नेपालबाट पनि धर्मपुत्र–पुत्री दिने परम्पराको थालनी भइरहेको छ । निश्चय पनि अनाथ र परित्यक्त बालबालिकालाई अन्तिम विकल्पको रुपमा उनीहरुको उच्चतम हित सुरक्षित हुनेगरी देशभित्र वा बाहिर धर्मपुत्र–पुत्री लिनेदिने व्यवस्था गरिनुलाई सकारात्मक नै मान्नुपर्दछ । तर यी कुराहरु बालबालिकाको उच्चतम हितमा उपयोग भएको छ कि छैन भन्ने कुरा भने चासोको बिषय बन्दै आएको छ ।

राष्ट्रसंघीय बालकोष(युनिसेफ)ले गरिब मुलुकमा शिक्षा अभाव र आर्थिक लाभका सम्भावनाका कारण अन्तरदेशीय धर्मपुत्रपुत्री ग्रहण उद्योगका रुपमा विकास भइरहेको भन्दै आफ्नो वक्तव्यमार्फत सबैलाई सचेत गराएको छ । बक्तव्यमा भनिएको छ– “बालबालिकाको व्यापार र अपहरण, परिवारको दबाब, धूसका साथसाथै बालबालिका बेचबिखनजस्ता क्रियाकलापले यस बिषयमा बालबालिकाको हेरचाह भन्दा पनि शोषणको नियत देखिन्छ ।”

खासगरी यसरी धर्मपुत्रपुत्रीका रुपमा विदेशिने बालबालिकाहरुको जीवनमा के कस्तो प्रभाव परेको छ ? उनीहरु सुखी छन् वा छैनन्, उनीहरुका हकअधिकार सुनिश्चित भएको छ या छैन आदि इत्यादिका बारेमा धेरै कुराहरु उठेका छन् । यस बिषयमा जुन पारदर्शीता र जुन संवेदनशीलता हुनुपर्दथ्यो त्यो नभएको समेत पाइएको यस क्षेत्रका विशेषज्ञहरु बताउँछन् । धर्मपुत्रपुत्री भनेको बालबालिकाको निम्ति अन्तिम विकल्पको रुपमा प्रयोग गर्नुपर्ने बिषय हो । तर कतिपय अवस्थामा यसलाई अन्तिम विकल्पको रुपमा प्रयोग नभएको समेत पाइएको छ । नेपालमा २०२५ साल देखि बालबालिकालाई धर्मपुत्र–पुत्रीको रुपमा विदेश पठाउने क्रम सुरु भएको देखिन्छ । तर २०३८ सालसम्म कति नेपाली बालबालिकाका धर्मपुत्र–पुत्रीको रुपमा विदेशमा पठाइयो भन्ने आधिकारिक तथ्याङ्क खासै भेटिदैन ।

हाम्रो देशमा त्यसको लागि छुट्टै कानुन छैन । हाम्रो देशबाट विदेशमा बालबालिका धर्मपुत्र–पुत्रीका रुपमा जान थालेको ३० औं वर्ष हुँदापनि यस सम्बन्धमा उपयुक्त कानुनको तर्जुमा हुन नसक्नु आफैमा कमजोरी रहेको छ । त्यसको कारण पनि यस विषयमा स्वदेश तथा विदेशमा समेत विभिन्न खालका टिका टिप्पणी हुने गरेका छन् । धर्मपुत्रपुत्रीका सम्बन्धमा स्पष्ट कानुन निर्माण गरी यो प्रक्रियालाई पारदर्शी बनाउनु आवश्यक देखिन्छ । त्यसको साथै यो प्रक्रियाको नियमित अनुगमन र मूल्याङ्कन हुनु जरुरी देखिन्छ । ❐


आपतकालिन अवस्थामा परेका बालबालिकाका लागि
तत्काल राहत तथा परामर्श सेवाका लागि

**सिविन हेल्पलाइन**

| काठमाण्डौ | हेटौंडा | विराटनगर | पोखरा | नेपालगञ्ज |
|---|---|---|---|---|
| (०१)४२७१००० | (०५७)५२४५०० | (०२१)५३५७०० | (०६१)५३११५७ | (०८१)५२७१०० |

# सचेतनाका पाइलाहरु...

बालअधिकार सबैको सरोकारको बिषयबस्तु हो भन्ने कुरा हाम्रो समाजमा पनि केहीहदसम्म स्थापित हुन थालेको पाइएको छ । खासगरी समुदायमा समेत पनि बालअधिकारको बिषयस्तुलाई अत्यन्त सकारात्मक लिन थालिएको पाइएको छ । यसै सन्दर्भमा हालैमात्र मकवानपुर जिल्लाको पदमपोखारी गाउँ विकास समितिको भ्रमणमा गएर फर्किदा महसुस भएको छ ।

प्रसङ्ग थियो, त्यहि समुदायको एक सार्वजनिक विद्यालमा गठन भएको बालअधिकार मञ्चले गरेका गतिविधिहरुलाई समावेश गरेर एउटा भिडियो डकुमेन्ट्री बनाउने । सोही सिलसिलामा हाम्रो टोली त्यस स्थानमा निर्धारित समय र तालिका लिएर गएको थियो ।

निर्धारित कार्यक्रमअनुसार विद्यालय परिसरमा पुग्नासाथ हामीले अत्यन्त सकारात्मक वातावरणको महसुस गरेका थियौं । खासगरी बालबालिकाको लागि आवश्यकीय आधारभूत पक्ष विद्यालय परिसरमा यथेष्ट मात्रामा रहेको पाइएको थियो । विद्यालयमा अध्ययन गर्ने केटाकेटीहरुको थुप्रै संख्या त्यसमाथि पनि बालिकाहरुको बाहुल्यतालाई हामीले पनि नौलो मान्यौं । खासगरी कुनै समयमा त्यस भेगका अधिक बालिकाहरु भारतका विभिन्न भागमा ओसारपसार हुने जिल्ला भनेर चिनिएको त्यस जिल्लाको सो विद्यालयमा यस्तो दृश्य देखिनुलाई सकारात्मक उपलब्धीको रुपमा लिनुपर्दछ ।

खासगरी तामाङ जातिको बाहुल्यता रहेको उक्त जिल्लाको जीवनशैली अत्यन्त सरल र सामान्य लाग्थ्यो । बालिका शिक्षाको अत्यन्त सकारात्मक प्रभाव परेको उक्त जिल्लाको श्री मेहन्द्र माध्यामिक विद्यालयमा हाम्रो यात्रा लक्षित थियो । विद्यालय परिसरभित्र हाम्रो उपस्थितिले केही समय सबै बालबालिकालाई उत्साहित बनाएको थियो । हुन त यस अघि नै हाम्रा सहकर्मी मित्रहरुले हाम्रो उपस्थिति र कारणका बारेमा जनाउ दिइसक्नुभएको थियो ।

हाम्रो उद्देश्यअनुसार हामी काम गर्ने जमर्को गर्न थाल्यौं । सबैजना आ–आफ्नो तोकिएको जिम्मेवारीअनुसार कार्यस्थलमा संलग्न हुन थाल्यौं । म पनि बिषयबस्तुलाई कसरी क्यामेरामा कैद गर्ने भनेर मेरा साथीहरुसँग कानेखुसी गर्न थालें । मेरा प्राविधिक मित्रसँगको केही बेरको भलाकुसारीले हामीले आजको पहिलो सट बालअधिकार मञ्चको कार्यालयमा गएर उनीहरुले बालअधिकारका बारेमा छलफल र बहस गरेको दृश्यलाई लिने निधो गरौं । उक्त सट लिनको लागि हाम्रो सबै तयारी सकिएको थियो । त्यसको लागि बालअधिकार मञ्चमा सक्रिय रहेका बालबालिकालाई बैठक कक्षमा बसालेर हामीलाई आवश्यक पर्ने दृश्यको बारेमा संक्षिप्त जानकारी दियौं । सामान्यतया उनीहरुले नियमित रुपमा गर्ने गरेका विभिन्न गतिविधि जस्तै यसपाली पनि उनीहरु सबैजना बसेर रक्सी तथा चुरोटकोविरुद्धमा विद्यालय र समुदायमा कसरी क्रियाशील हुन सकिन्छ भनेर छलफल गर्न थाले । यसबखत म उनीहरुबाट अत्यन्त प्रभावित बने, किनकी, हामीसँग भएको स्क्रिष्टले खोजेको संवाद उनीहरुले खरर्... भने । पहिलो सट एकै टेकमा ओके भयो । म त छक्क परेँ । बरु वयस्क मानिसहरुलाई बिषयबस्तुका बारेमा जानकारी दिन निकै नै हम्मे हम्मे पर्दछ, तर ती केटाकेटीले हाम्रो आसय यति सजिलै ग्रहण गरे, केहीबेर मैले विश्वास नै गर्न सकिन । हाम्रो टिम अत्यन्त उत्साही बन्यो । हामीले सोचेका दृश्यहरुलाई क्यामरामा कैद गर्न खासै गाह्रो नपर्ला जस्तो लाग्यो ।

खासगरी बालबालिकाले अत्यन्त सजिलो तरिकाले सामाजिक सचेतनामा बिषयबस्तुमा संवाहकका रुपमा काम गर्न सक्दछन् भन्ने कुरालाई स्पष्ट रुपमा उनीहरुले प्रस्तुत गरे । हप्तादिनको हाम्रो निर्धारित कार्यक्रममा उनीहरु हामी स्वयंसँगपनि अत्यन्त नजिकिएका थिए । खासगरी डकुमेन्ट्रीका मुख्य पात्रहरुको समीप्यता हाम्रो लागि अविष्मरणीय बनेको थियो । उक्त अवधिमा उनीहरुले जाँड, रक्सी र चुरोटका विरुद्धमा विद्यालयमा पनि विभिन्न गतिविधिहरु सञ्चालन गरे । त्यसो त उनीहरुले आफ्नो विद्यालयलाई जाँड, रक्सी र चुरोट निषेधित क्षेत्र घोषणापनि यसै अवसरमा गरे । यस्तै खालका सचेतना ऱ्याली उनीहरुले समुदायमा निकाले भने आमा समूहसँग यसका बारेमा छलफल गरे । उनीहरुका सचेतनाका पाइलाहरु अहिले हामीले भिडियो डकुमेन्ट्रीमा कैद गरेका छौ । यसको निकट भविष्यमा नै सार्वजनिक प्रदर्शन पनि हुनेछ ।

*प्रस्तुती : विमलकुमार*

# नेपाली बालबालिकालाई धर्मपुत्रपुत्रीका रूपमा पठाउने क्रम बृद्धि

असहाय, अनाथ र परित्यक्त बालबालिकाले पनि पारिवारिक वातावरणमा हुर्कन पाउनुपर्दछ भन्ने अवधारणाअनुसार हाम्रो देशले पनि धर्मपुत्र-पुत्री दिने परम्पराको थालनी गरिरहेको छ । निश्चय पनि अनाथ र परित्यक्त बालबालिकालाई अन्तिम विकल्पको रुपमा उनीहरुको उच्चतम हित सुरक्षित हुनेगरी देशभित्र वा बाहिर धर्मपुत्र-पुत्री लिनेदिने व्यवस्था गरिनुलाई सकारात्मक नै मान्नुपर्दछ । तर यी कुराहरु बालबालिकाको उच्चतम हितमा उपयोग भएको छ कि छैन भन्ने कुरा भने चासोको बिषय बन्दै आएको छ ।

नेपालमा सन्तानविहीन परिवारले धर्मपुत्र-पुत्री राख्ने चलन धेरै पहिले देखि नै शुरु भएको हो । वि.सं. २०२१ सालमा नेपाल बाल संगठनको स्थापना भएपछि असहाय, अनाथ र परित्यक्त बालबालिकालाई पारिवारिक वातावरणमा हुर्कन पाउने अधिकारको ग्यारेण्टी गर्न र उनीहरुको भविष्य सुनिश्चित गर्ने परिपाटीको विकास गर्न २०२५ साल देखि बालबालिकालाई धर्मपुत्र-पुत्रीको रुपमा विदेश पठाउने क्रम सुरु भएको देखिन्छ । तर २०३८ सालसम्म कति नेपाली बालबालिकाका धर्मपुत्र-पुत्रीको रुपमा विदेशमा पठाइयो भन्ने आधिकारिक तथ्याङ्क खासै भेटिदैन । वि.सं. २०३८ सालदेखि २०५७ साल बैशाख ४ सम्म गृह मन्त्रालय मार्फत १९ मुलुकमा करिब ९ सय ७१ जना बालबालिकालाई धर्मपुत्र-पुत्रीको रुपमा विदेश पठाइ सकेको जनाइएको छ ।

त्यसैगरी महिला, बालबालिका तथा समाज कल्याण मन्त्रालयको तथ्याङ्क अनुसार २०५७ साल बैशाख महिनादेखि २०६२ असोज मसान्तसम्म १ हजार ६२ जना बालबालिकालाई धर्मपुत्र-पुत्रीको रुपमा विदेश पठाइसकिएको जनाइएको छ । जसमा बालकको संख्या ४ सय ६६ र बालिका ५ सय ९६ रहेको थियो ।

यस वर्ष सिविन सूचना तथा श्रोत केन्द्रमा अभिलेख गरिएका तथ्याङ्कअनुसार नेपालका ४८ भन्दा बेसी बालगृहरुले बालबालिकालाई धर्मपुत्र-पुत्री लिनदिनको लागि सार्वजनिक सूचना प्रकाश गरेको देखिन्छ । जसमा ८ सय २ जना बालबालिकालाई ती संस्थाहरुद्वारा धर्मपुत्र-पुत्रीको रुपमा प्रदान गर्न सकिने कुरा सार्वजनिक गरिएको थियो । ती मध्ये ३ सय ७७ जना बालक र ४ सय २५ बालिकाको संख्या थियो भने गत वर्ष यो संख्या ४ सय ५९ थियो । तुलनात्मक रुपमा हेर्ने हो भने गतवर्षको तुलनामा धर्मपुत्रपुत्रीको संख्यामा दोब्बर बृद्धि भएको छ ।

सुरुमा धर्मपुत्र-पुत्रीको रुपमा बालबालिकालाई विदेश पठाउने काम बाल संगनठनले मात्र गर्दै आएको थियो । तर अहिले ४८ भन्दा बढी संस्थाहरु यस कार्यमा संलग्न भएको देखिन्छ । एकातिर नेपाली बालबालिका विदेशी नागरिकको परिवारमा जाने क्रम बढिरहेको छ भने अर्कोतिर धर्मपुत्र-पुत्री लिनेदिने नाममा खोलिएका संघ-संस्थाहरुको बारेमा थुप्रै नकारात्मक टिप्पणीहरु पनि हुने गरेका छन् ।

हाम्रो देशबाट विदेशमा बालबालिका धर्मपुत्र-पुत्रीका रुपमा जान थालेको ३० औं वर्ष हुँदापनि यस सम्बन्धमा उपयुक्त कानुनको तर्जुमा हुन नसक्नु आफैमा कमजोरी रहेको छ । त्यसको कारण पनि यस विषयमा स्वदेश तथा विदेशमा समेत विभिन्न खालका टिका टिप्पणी हुने गरेका छन् । धर्मपुत्रपुत्रीका सम्बन्धमा स्पष्ट कानुन निर्माण गरी यो प्रक्रियालाई पारदर्शी बनाउनु आवश्यक देखिन्छ । त्यसको साथै यो प्रक्रियाको नियमित अनुगमन र मूल्याङ्कन हुनु जरुरी हैन र ?

प्रस्तुती :अञ्जना प्रधान

राष्ट्रिय सूचना तथा श्रोत केन्द्र, सिविन

## प्रश्नोत्तर :

# प्रश्नः इन्टरनेटमा बाल पोर्नोग्राफी भनेको के हो ?

– सन्तोषी विन्दू
काभ्रेपलाञ्चोक, हाल नैकाप,काठमाण्डौ ।

सञ्चारको विकासले गर्दा साँगुरिदै गएको विश्वमा धेरै क्षेत्रहरुका सूचना तथा जानकारीहरुले सहजै उपलब्ध हुने भएको छ । एकातर्फ सञ्चारको विकसित रुपले सारा विश्वलाईनै एउटा सानो हिस्साको रुपमा परिणत गरेको छ भने, अर्कोतर्फ खुम्चिदै गएको यहि विश्वमा सञ्चार क्षेत्रमा देखिएको आधुनिक विकासक्रमले विभिन्न नकारात्मक पक्षहरुलाई समेत उजागर गर्दै आइरहेको छ । खासगरी वर्तमान अवस्थामा इन्टरनेटको अत्याधुनिक विकासक्रमले विश्वको कुनै पनि कुनाका सूचना तथा जानकारीहरु अर्को क्षेत्रमा सहजै उपलब्धता हुन सक्ने भएको छ । खासगरी कम्प्युटरमा इन्टरनेटको प्रविधिलाई आज विश्वका अधिकांश देशका सूचना,प्रविधिका प्रयोगकर्ताहरुले भरपूर प्रयोग गरी त्यसबाट विभिन्न खाले सूचना तथा जानकारीहरु ग्रहण गरिरहेका छन् ।

सूचना प्रविधिको यस्तो विकासक्रमसँगै विश्वमा इन्टरनेटकै माध्यमबाट विभिन्न खाले गलत सूचना तथा जानकारीहरु समेत प्रवाह भइरहेका छन् । खासगरी वर्तमान विश्वमा यसको शिकार साना बालबालिका हुन थालेका छन् । बालबालिकाप्रति अपराध मनोविज्ञान भएका केही त्यस्ता व्यक्ति, निकाय तथा संगठनहरुले बाबालबालिकाको गोप्य तथा व्यक्तिगत सूचनाहरुलाई इन्टरनेटको वेभसाइटबाट गलत प्रयोग गरिरहेका छन् । त्यस्ता वेभसाइटहरुमा खासगरी बालबालिकाको नग्न तथा अश्लील चित्रहरु समेत राख्ने तथा आफ्ना सम्पर्कमा रहेका त्यस्ता गिरोहहरुलाई सूचना तथा जानकारी सम्प्रेषण गर्ने गरेको पाइएको छ । खासगरी त्यस्ता वेभसाइटहरु धेरै रहेका छन् । जहाँ बालबालिकाका अश्लील नग्न तस्वीहरुहरुलाई राखिएको हुन्छन् । वास्तवमा यसो गर्नु बालअधिकारको विश्वव्यापी मान्यताको विपरित रहेको छ । यस्ता खालका गतिविधिहरुले बालबालिकाको दीर्घजीवनमा समेत ठूलो असर पार्ने गरेको छ ।

बालअधिकार सम्बन्धी महासन्धि १९८९ को धारा ३४ मा अश्लील चित्रणको कार्य एवं त्यस्ता तस्वीरहरु सहितको सामग्रीहरुको निर्माणमा बालबालिकालाई प्रयोग गर्ने कार्यलाई रोक्नलाई प्रत्येक सदस्य राष्ट्रले राष्ट्रिय,द्विपक्षीय र बहुपक्षीय उपायहरु अबलम्बन गर्नुपर्ने कुरालाई उल्लेख गरिएको छ । तर यो कुरालाई इन्टरनेटको हकमा लागू गर्न भने निकै कठिनाइ देखिएको छ, किनकी इन्टरनेटको कुनै भौगोलिक सिमा छैन । जसको कारण यस्ता अश्लील सामग्रीहरुको उत्पादन तथा प्रसारण कहाँबाट कसले गरिरहेको छ भन्ने पत्ता लगाउन समेन निकै कठिन देखिएको छ । यद्यपि इन्टरनेटमा रहेका त्यस्ता तस्वीरहरुलाई मेट्ने या छान्ने केही प्रयन्तहरु भने नभएका भने होइनन् । त्यसैगरी संयुक्त राष्ट्र संघको महासभाले २५ मे २००० मा बालबालिकाको बेचबिखन, बालदेहव्यापार र बालबालिकाको अश्लील चित्रण सम्बन्धी ऐच्छिक सन्धिपत्रलाई पारित गरेको छ । उक्त सन्धिपत्रमा बालबालिकाको अश्लील चित्रण भन्नाले कुनै पनि माध्यमबाट यौनिक प्रयोजनका लागि बालबालिकालाई वास्तविक रुपमा नै वा अन्य प्रक्रियाले कृतिम रुपमा यौन क्रियाकलापमा सहभागी गराएका कुराहरुको निर्माण गर्नु, प्रदर्शन गर्नु वा बालबालिकाको यौनाङ्गहरुको प्रदर्शन गर्ने कुरालाई जनाएको छ । यस्ता कार्यहरु आन्तरिक रुपमा भएको होस् वा एक अर्को राष्ट्रबीच भएको होस् तथा व्यक्तिगत रुपमा वा संगठित जुनसुकै रुपमा भएको भए पनि राज्य पक्षले अपराधिक गतिविधिका रुपमा स्वीकार गरी फौजदारी कानुन अन्तर्गत समेटिनु पर्ने कुरा उल्लेख गरेको छ । साथै बालबालिकाको अश्लील चित्रण निर्माण गर्नु, वितरण गर्नु, आयात गर्नु, निर्यात गर्नु, प्रस्ताव गर्नु, बिक्री वितरण गर्नु वा यौन प्रयोजनको लागि आफूसँग राख्नु जस्ता कार्यहरुलाई अपराधिक कार्य मानेको छ ।

प्रश्नको लागि हाम्रो ठेगाना :
**बाल सरोकार**, सिविन नेपाल
इमेल:cwinpublication@gmail.com

## सफलताको कथा

# बालअधिकारप्रति स्थानीय स्तरमा चेतना बढेको छ ।

– उत्सव तिवारी

बालबालिकाको लागि हुने हरेक निर्णय प्रक्रियामा बालबालिकाको समेत सहभागिता हुनपर्दछ भन्ने मान्यताका कारण बालबालिकाले नेतृत्व तहमा समेत आफ्नो प्रभाव पार्दै गइरहेका छन् । त्यस्तै एउटा उदाहरण बन्न पुगेका छन् बेल्कोट गाविस ७ अमारे, डेउडी नुवाकोटका उत्सव तिवारी ।

उत्सव जिल्ला बाल कल्याण समिति नुवाकोटको मातहतमा गठित कैलावती बालअधिकार चेतना समूहसँग २०५८ सालदेखि सक्रिय रहदै आएका थिए । उहाँ सम्बद्ध बालक्लवले स्थापना कालसँगै बालकल्याण समितिको कार्यक्रममा सक्रिय सहभागिता जनाउदै आइरहेका छन् भने त्रैमासिक रुपमा कैलावती आवाज बालभित्ते पत्रिका प्रकाशन गरिरहेका छन् । त्यस्तै मासिक रुपमा विभिन्न रचनात्मक प्रतियोगिताहरु हाजिरीजवाफ, निबन्ध, वक्तृत्वकला सरसफाइ जस्ता क्रियाकलाप गर्दै आइरहेका छन् । गाउँमा सामाजिक संस्थाको भूमिका निर्वाह गर्दै आएको उक्त बालक्लव नुवाकोटकै एक उदाहरणीय बालक्लब समेत बन्न सफल भएको छ । हाल उक्त बालक्लवको अध्यक्षको भूमिका निवार्ह गर्दै भएका उत्सव तिवारी २७ जेठ २०६३ मा जिल्ला बालकल्याण समितिले आयोजना गरेको पहिलो जिल्ला बालभेलाबाट नुवाकोट जिल्लामा कार्यरत बालक्लको अध्यक्ष पदमा निर्वाचित भएका थिए । हालसम्म जिल्ला बालकल्याण समिति नुवाकोटमा विद्यालय र समुदायमा गरी ८० वटा भन्दा बढि बालक्लव सक्रिय रहेको छ । त्यसै गरी बालबालिकाको निम्ति काम गर्ने सरकारी निकाय जिल्ला बालकल्याण समिति नुवाकोटमा पहिलो पल्ट बालबालिकाको प्रतिनिधित्व गर्दै उत्सव तिवारी २०६३ जेठ २७ यता सदस्य पदमा कार्यरत छन् ।

त्यसैगरी समुदाय र विद्यालमा बालअधिकार मञ्च गठन कार्यलाई समेत तीव्रता दिने पनि नीति रहेको उनको भनाइ छ । हाल एसएलसी परिक्षाको तयारी गरिहेका उत्सव तिवारी बालक्लव गठनले बालअधिकारको बिषयप्रति मानिसहरुको जागरुकता र उत्सुकता बढ्दै गएको र बालअधिकारको बिषय ग्रामीण भेगमा समेत स्थापित हुदै जानु खुसीको कुरा भएको बताउँछन् ।


# समुन्नत, समृद्ध, नयाँ नेपाल !

परिवार, समुदाय र राष्ट्रमा, महिला, पुरुषबीच हुने
भेदभाव हटाएर मात्रै सम्भव छ ।

## समान व्यवहार आजै थालौं !!!

सन्दर्भः अन्तर्राष्ट्रिय नारी दिवस २००७

CWIN

Plan
Be a part of it.

# 'बाल चौतारी' रेडियो कार्यक्रम सुरु

काठमाण्डौ बास/प्लान नेपाल तथा रेडियो सगरमाथाको सहकार्यमा सिविन-नेपालद्वारा प्रस्तुत पाक्षिक रेडियो कार्यक्रम "बाल चौतारी" सुरु भएको छ । प्रत्येक १५ दिनमा आइतबार बेलुकी रेडियो सगरमाथा एफ १०२ थोप्लो ४ मेगाहर्जबाट प्रसारण आरम्भ भएको उक्त रेडियो कार्यक्रम "बाल चौतारी" मा मुलतः बालअधिकारसँग सम्बन्धित विविध बिषयबस्तु र जानकारीहरु समावेश गरिने जनाइएको छ ।

# समीक्षात्मक कार्यशाला सम्पन्न

काठमाण्डौ बास/प्लान नेपाल र सिविन नेपालको साझेदारीलाई कसरी दिगो बनाउन सकिन्छ भन्ने बिषयमा एक समीक्षात्मक कार्यशाला सम्पन्न भएको छ । विशेषतः सिविन नेपालसँगको विगत १५ वर्ष लामो साझेदारी र यसबाट सिकेका भोगाइ र सिकाइहरुका सम्बन्धमा कार्यशाला छलफल भएको थियो । बदलिँदो परिस्थितिमा जोखिममा परेका र द्वन्द्वबाट प्रभावित बालबालिकाको संरक्षण र सम्बर्द्धन कसरी गर्न सकिन्छ भन्ने सन्दर्भमा कार्यशालामा छलफल भएको थियो ।

सो कार्यशालामा प्लान नेपालका राष्ट्रिय निर्देशक प्रेम शुक्लाले-"सिविन-नेपालसँग प्लान नेपालले साझेदारी गरी नेपालका बालबालिकाको हित र संरक्षणमा क्रियाशील हुन पाउँदा गर्व लागेको बताउनुभयो ।"

सोही कार्यक्रममा सिविन अध्यक्ष गौरी प्रधानले-"अहिलेको सक्रमणकालिन अवस्थामा हाम्रा सामु चुनौती र अवसर दुवै रहेका छन् भन्नुभयो । ती अवसर चुनौतीलाई कसरी बालबालिकाको उच्चतम हितमा प्रयोग गर्न सक्दछौ, त्यो हाम्रो मूल बिषय हो" उहाँले भन्नुभयो ।

कार्यशालामा साझेदारी अवधारणा र यसको दिगोपनाको रणनीतिक कार्ययोजना समेत प्रस्तुत गरिएको थियो ।

"बालबालिका बेचबिखनविरुद्ध अभियान थालौं, दक्षिण एशियाली यात्रामा सहभागी बनौं"

# बालबालिका बेचबिखनविरुद्ध दक्षिण एशियाली यात्रा-२००७

काठमाण्डौ बास/ बालबालिका बेचबिखनविरुद्ध दक्षिण एशियाली यात्रा सुरु भएको छ । २००७ को फेब्रुअरी २५ देखि भारतको कोलकत्ताबाट सुरु हुने उक्त यात्रा भारतको विभिन्न ठाउँ हुँदै ३ मार्चमा नेपालमा प्रवेश गर्नेछ । नेपालमा पनि उक्त यात्राको समर्थन र ऐक्यबद्धता जनाउँदै विभिन्न बालअधिकार तथा मानवअधिकावादी संस्थाहरुले विभिन्न कार्यक्रमको आयोजना गर्ने भएका छन् । नेपालबाट उक्त यात्रा बंगलादेश हुँदै भारतको दिल्लीमा पुगेर समापन हुने राजधानीमा आयोजना गरिएको पत्रकार सम्मेलनमा बालश्रमविरुद्ध विश्वयात्राका दक्षिण एशियाली संयोजक गौरी प्रधाननले बताउनुभयो ।

मानव बेचबिखन संसारमै लागूपदार्थ र हतियारपछि तेश्रो गैरकानुनी व्यापारको रुपमा रहेको तथ्याङ्क उक्त अवसरमा बताइएको थियो ।

उक्त यात्रामा भारत, नेपाल र बंगलादेशका १०० जना यात्रीहरुले २५ सय किलोमिटरको यात्रा गर्ने लक्ष्य लिएको पनि पत्रकार सम्मेलनमा बताइएको थियो ।

दक्षिण एसियामा वैकल्पिक राजनैतिक, आर्थिक, सामाजिक र साँस्कृतिक व्यवस्था विकास गर्ने दृष्टिकोण राखेर यही २०६३, चैत्र ९ देखि ११ गतेसम्म काठमाण्डौमा जनसार्क हुन लागेको छ । उक्त कार्यक्रममा महिला, बालबालिका, दलित, गरिबी, जनजाति, अपाङ्गता, बेचबिखन लगायतका बिषयमा समानान्तर मञ्च तथा छलफल समेत हुनेछ ।

# बालगृहलाई व्यवस्थित बताउनुपर्ने

काठमाण्डौ बास/बालगृहलाई व्यवस्थित रुपमा सञ्चालन गर्नुपर्ने आवाज उठिरहेका बेला प्लान नेपाल, बालगृह सञ्जाल नेपाल र सिविन नेपालले संयुक्त रुपमा बालगृहको वर्तमान अवस्था र यसका चुनौती बिषयमा एक छलफल कार्यक्रमको आयोजना गरेको छ। कार्यक्रमका सहभागीहरुले देशमा सञ्चालिन विभिन्न बालगृहहरु अझैपनि न्यूनतम मापदण्डमा सञ्चालित हुन नसकिरहेको बताएका छन्। यसको लागि बालगृहभित्रै पनि प्रभावकारी रुपमा अनुगमन हुनुपर्ने प्रहरी नायव उपरीक्षक पूजा सिंह बताउनुहुन्छ।

त्यसो त सरकारले बालगृहलाई व्यवस्थित गर्नको लागि छुट्टै आचार संहिता ल्याएको र त्यसको प्रभाकारी कार्यान्वयन गर्नको लागि अनुगमनको पनि व्यवस्था गरिएको महिला बालबालिका तथा समाज कल्याण मन्त्रालयका सचिव पुण्यप्रसाद न्यौपाने बताउनुहुन्छ।

नेपालमा झण्डै १ हजार भन्दा बेसी बालगृहहरु सञ्चालित रहेता पनि दुईतिहाइ यस्ता बालगृहहरु अतिनै नाजुक अवस्थामा सञ्चालित रहेको केन्द्रीय बालकल्याण समितिका सदस्य विजय सैंजु बताउनुहुन्छ।

नेपालमा विगत लामो समयदेखि चलेको युद्धका कारण पनि जोखिम परिस्थितिका बालबालिकाका लागि बागृहको झनै आवश्यकता भएको तर यसरी सञ्चालित बालगृहको भने नियमित अनुगन र मूल्यांकन हुनुपर्ने प्लान नेपालकी कार्यक्रम संयोजक मधुवन्ती तुलाधार जोड दिनुहुन्छ।

तर बालगृहमा रहेका बालबालिकालाई नागरिकता वितरण गर्न समेत धेरै नै कठिनाइ भएको र बालगृहलाई कर छुटको व्यवस्था राज्यले गरिदिन सके अझ बालगृह सञ्चालन गर्न सहज हुने धारणा बालगृह सञ्जालका अध्यक्ष माधव प्रधान बताउनुहुन्छ।

# बम विस्फोटनमा बालकसहित ३५ घाइते

झापा बास/झापाको कोरोबारीमा भारतीय डाँकाले छोडेको बम विस्फोट हुँदा ३ बालक सहित ३५ जना घाइते भएका छन्। उक्त घटनामा तीन बर्षीय निमा ताजपुरिया, ९ बर्षीय भगीरथ ताजपुरिया, ११ बर्षीय देवराज राजवंशी र डुमनी दास गम्भीर घाइते भएको प्रहरीले जनाएको छ।

# साहित्यकार हुमागाईं रहनुभएन

काठमाण्डौ बास/साहित्यिक जगतमा बालसाहित्यकार जनकप्रसाद हुमागाईको नाम नसुन्ने कमै होलान। साहित्यका विविध विधामा कलम चलाउनु भएका हुमागाईले विशेष गरी बालसाहित्यका कथा, कविता, निबन्ध विधामा कलम चलाउनु भएको छ।




वि.सं. १९९४ साल असोज २८ गते काभ्रेको बलथलीमा जन्मिनुभएका हुमागाईको ६९ वर्षको उमेरमा २०६३ माघ २९ निधन भएको छ। २ दर्जन बालसाहित्यका पुस्तक प्रकाशन गरिसक्नु भएका उहाँको किसानको गीत तथा एउटा नारा लाउनुपर्छ चर्चित कृति हुन्। हुमागाईले विविध पुस्तक तथा पत्रिकाको सम्पादन समेत गर्नुभएको थियो। बालबालिकाको निम्ति लेखिएको लहरे पीपलको कथा सिविनले प्रकाशित गरेको थियो। १ दर्जन कृति प्रकाशोन्मुख रहेको हुमागाई वि.सं. २०३७ सालमा शाही प्रेस आयोगको सदस्य समेत हुनुहुन्थ्यो। सिविन–नेपालले उहाँद्वारा लिखित गोरे घर्तीको सवाई नामक पुस्तक प्रकाशन गर्ने भएको छ।

# बालबालिका बेचबिखन सम्बन्धी तथ्य

- प्रत्येक बर्ष ५ देखि ७ हजार नेपाली चेलीबेटीहरु जबरजस्ती यौनशोषणको निम्ति भारतको विभिन्न शहरहरुमा बेचबिखन भएका छन् ।
- भारतमा बेचिएका चेलीबेटीहरु मध्ये २० प्रतिशत (४०,०००) १६ वर्ष मुनिका बालिकाहरु पर्दछन् ।
- यौनव्यापार बाहेक नेपाली बालबालिका भारतको भदोई (मिर्जापुर)मा गलैंचा बुन्न, फिरोजाबादमा सर्कसमा खेलाउन, शिमलामा आलुखेती र सडक निर्माणमा काममा लगाउन, बनारसमा जबरजस्ती मगन्ते बनाउन तथा दिल्ली, कलकत्ता र मुम्बई जस्ता शहरहरुमा घरेलुबालश्रमिक बनाउन पनि बेचबिखन तथा ओसारपसार गरिन्छन् ।
- नेपालका केही जिल्लाका र समुदायका बालिकाहरु मात्र बेचिन्छन् भन्ने समाजमा रहेको अवधारणा विपरित आज यो अपराधले केटा, वयस्क पुरुषहरुलाई र नेपालका सबै भागका समुदायहरुलाई असर पारिसकेको छ ।
- गत अप्रिल २००१ मा मुस्लिम समुदायका २६ जना बालकहरुलाई जनकपुर रेलवे स्टेशनबाट भारतमा जरी भर्ने काम गर्नको निम्ति ओसारपसार गरिन लाग्दा उद्धार गरिएको घटना सिमाना पारी हुने बालबालिकाको ओसारपसारको नयाँ उदाहरण हो ।
- कानुन कार्यान्वयन तहमा रहेका शिथिलता/शिथिल राजनैतिक प्रतिबद्धता (कानूनहरु व्यवहारमा लागू नगरिनु, सरकारहरु यस समस्यालाई जरै देखि उखेल्नको लागि कम्मर नकस्नु)
- खुल्ला र अनियन्त्रित सिमाना (नेपाल र भारत बिचको खुल्ला र अनियन्त्रित सिमाना, जहांबाट बिना रोकटोक कोही पनि एक देशबाट अर्को देश आउन-जान सक्छन् ।)
- बालविवाह, बहुविवाह र अनमेल (उमेरमा धेरै फरक हुने गरी गरिने) विवाह/जबरजस्ती विवाह

*श्रोत : सिविन-नेपाल*

---


## सिविन-नेपाल र प्लान नेपालको साझेदारीमा प्रकाशित

सिविन-नेपाल

प्लान-नेपाल



सम्पर्क ठेगाना: पो.ब.नं. ४३७४, रविभवन, काठमाण्डौ । इमेल:cwinpublication@gmail.com



प्रमुख सल्लाहकार : गौरी प्रधान

सल्लाहकारहरु : माधव प्रधान, तारक धिताल, सुम्निमा तुलाधर, सुवोध श्रेष्ठ, कुमार भट्टराई, रश्मिला शाक्य

विशेष सहयोग : शुभराज पोखरेल, सूर्यनारायण श्रेष्ठ, भुमराज तिवारी, दीपेन्द्र पण्डित

**सम्पादक : विमलकुमार थापा**